आज मिति २०७५/०४/१७ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको २:३० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | ,, | |
| ५ | लाल प्रसाद वस्याल | ,, | |
| ६ | टंक प्रसाद पराजुली | ,, | |
| ७ | तेज बहादुर सुनार | ,, | |
| ८ | जगदिश चन्द्र आचार्य | ,, | |
| ९ | कमल प्रताप थापा | ,, | |
| १० | भिम बहादुर श्रेष्ठ | ,, | |
| ११ | बिष्णु बहादुर थापा | ,, | |
| १२ | पदम बहादुर थापा | ,, | |
| १३ | रामचन्द्र क्षेत्री | ,, | |
| १४ | दुर्गा प्रसाद सुवेदी | ,, | |
| १५ | नारायण प्रसाद पुन | ,, | |
| १६ | दधिराम न्यौपाने | ,, | |
| १७ | डम्मर बहादुर भण्डारी | ,, | |

राजनकुमार बि. सी.
प्रमुख प्रशासकीय अधिकृत

बुटवल उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १८ | राम प्रसाद रेग्मी | ,, | |
| १९ | सन्त बहादुर राना | ,, | |
| २० | हुमनाथ आचार्य | ,, | |
| २१ | हिम बहादुर खत्री | ,, | |
| २२ | डिल प्रसाद नेपाली | ,, | |
| २३ | रन्जित शेरचन | ,, | |
| २४ | माया देवी वराल (बिश्वकर्मा) | ,, | |
| २५ | बिमला श्रेष्ठ | ,, | |
| २६ | सिता कुमारी थापा | ,, | |
| २७ | शुष्मा कुमारी अर्याल | ,, | |
| २८ | बिष्णु कुमारी शर्मा | ,, | |
| २९ | राजनकुमार बि.सी. | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | |

चित्र बहादुर गुरुङ, - का वा १४६५८ =

राजनकुमार बि. सी.
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ३०.१

१००० **Sqft** सम्मको नक्शा न.पा.ले नै तयार गर्ने सम्बन्धमा ।

निर्णय नं. ३०.१

बुटवल उप-महानगरपालिका क्षेत्र भित्रका नगरवासीहरुको बिशेष अनुरोधलाई मध्यनजर राखी नगर सभाले गरेको निर्देशन बमोजिम नक्शा पास प्रक्रियालाई छिटो, छरितो, सहज, सर्वशुलभ र वैज्ञानिक गराई गुणस्तरीयता कायम राख्ने प्रयोजनको लागि बुटवल उप-महानगरपालिका भित्र निमार्ण गरिने नगरबासीहरुका १००० स्क्वायर फिटसम्मका (MRT भित्र रहेका) घरहरुको नक्शा डिजाइन तथा प्राविधिक निरीक्षणसम्मका सम्पूर्ण कार्यहरु उप-महानगरपालिकाले नै गर्ने गरी डेक्स स्थापना गर्ने र सो का लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३०.२

दररेट सम्बन्धमा ।

निर्णय नं. ३०.२

बुटवल उप-महानगरपालिकाले आ.व. ०७५/०७६ मा गर्ने विकास निर्माणका लागि प्रयोग हुने वस्तु तथा सेवाको मूल्यमा एकरुपता कायम गर्न कानूनले तोके बमोजिम न्यूनतम दररेट निर्धारण गरी लागु गर्नु पर्ने भएको हुदाँ नगर स्तरीय न्यूनतम दररेट निर्धारण समितिले सिफारिस गरेको न्यूनतम दररेट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३०.३

प्रशासनिक भवन सम्बन्धमा ।

निर्णय नं. ३०.३

बुटवल उप-महानगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि प्रस्ताव गरिएको स्थान भन्दा पछाडि बढी जग्गा रहदा अगाडिको पार्किङ्ग क्षेत्र कमि हुने भएकोले उक्त प्रशासकीय भवन निर्माण गर्दा पछाडि पट्टीको जग्गालाई बढी भन्दा बढी उपयोग गर्ने गरी भएको प्रस्तावको सम्बन्धमा जानकारी भयो ।

प्रस्ताव नं. ३०.४

विविध ।

निर्णय नं. ३०.४.१

यस बुटवल उप-महानगरपालिकाको लागि आवश्यक कर्मचारी दरवन्दीको एकीन गरी स्थानीय सेवा व्यवस्थापन गर्नका लागि सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ३०.४.२

नगर शिक्षा समितिलाई पूर्णता दिने सम्बन्धमा ।

निर्णय नं. ३०.४.२

नगर शिक्षा समितिमा नगर सभाका सदस्यहरु मध्येबाट पुरुष एक र महिला एक गरी दुई जना मनोनित गर्ने कानूनी व्यबस्था भएको हुदाँ नगर सभाका सदस्य श्री चम्पा रेग्मी र श्री नहकुल शाहीलाई नगर शिक्षा समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

राजकुमार बि. सी.
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ३०.४.३

युवा इलम कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. ३०.४.३

"एक परिवार एक रोजगार प्रमुख युवा इलम कार्यक्रम" अन्तर्गत ५०० जना विपन्न तथा गरिब परिवारका युवा तथा महिलाहरुलाई व्यवसायिक तालिम प्रदान गर्न सम्बन्धित वडा कार्यालय मार्फत सहभागी छनौट भई प्राप्त अभिलेखमा ३६५ जना मात्र भएकोले पूर्व निर्धारित योग्यता पुगेका इच्छुक सहभागीलाई तालिमको प्रकार अनुसारको कोटाभित्र पर्ने गरी ५०० जनासम्मलाई तालिम उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ३०.४.४

पशु वधशाला सम्बन्धमा ।

निर्णय नं. ३०.४.४

यस कार्यालयद्वारा औधोगिक क्षेत्र व्यवस्थापन कार्यालय बुटवलसँग पशु वधशाला सञ्चालन गर्ने उद्देश्यले जग्गा लिजमा लिई केही पूर्वाधार निमार्ण गर्ने कार्य भए तापनि हालसम्म सञ्चालनमा आउन नसकेको हुदाँ आ.व.२०७५/०७६ को स्वीकृत कार्यक्रम बमोजिम मौजुदा पूर्वाधारलाई उपयोग गर्दै स्वस्थ्यकर मासुजन्य पदार्थको आपूर्तिलााई ध्यानमा राखी थप पूर्वाधारका काम उपभोक्ता समिति मार्फत (अधिकतम लागत सहभागिता १५% हुने गरी) कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

पशु वधशालाको थप पूर्वाधार विकास तथा सञ्चालन सार्वजनिक निजी साझेदारी (पशु उत्पादक सहकारी समेत) अवधारणा बमोजिम गर्ने गराउने, पशु पालन व्यवसाय र मासुजन्य व्यवसायको प्रवर्द्धन गर्दै पशु बधशाला निर्माण तथा सञ्चालन व्यवस्थापनका लागि स्रोत व्यवस्थापन, सञ्चालन ढाँचाको तयारी र थप पूर्वाधार निर्माणमा सहजिकरण गर्ने तथा अल्पकालिन कार्यक्रमका रुपमा तत्काल उक्त पशु वधशालाको सञ्चालन गर्ने कामका लागि आवश्यक सहयोग समन्वय समेत गर्ने गराउने गरी देहाय बमोजिम उच्च स्तरीय समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| प्रमुख बुटवल उप-महानगरपालिका | -संयोजक |
| श्री कृष्ण प्रसाद पौडेल अध्यक्ष मासु व्यवसायी रुपन्देही | -सह-संयोजक |
| श्री पदम थापा वडा अध्यक्ष वडा नं. १० | -सदस्य |
| प्रतिनिधि -रुपन्देही उद्योग वाणिज्य संघ | -सदस्य |
| प्रतिनिधि -रुपन्देही उद्योग संघ | -सदस्य |
| प्रतिनिधि -रुपन्देही व्यापार संघ | -सदस्य |
| प्रतिनिधि -उद्योग व्यापार संगठन | -सदस्य |
| श्री समुन्द्र जि.सी. -होटेल रेष्टुरेन्ट व्यवसायी संघ | -सदस्य |
| होमादेवी पौडेल -सामुदायिक महिला सहकारी संस्था, सैनामैना | -सदस्य |
| तुलसी थापा -बिहानी सामुदायिक महिला सहकारी संस्था, वाणगंगा | -सदस्य |
| कमला भण्डारी -मिलनसार सामुदायिक महिला सहकारी संस्था, पाल्पा | -सदस्य |
| नर्बु लामा -उपभोक्ता हित संरक्षण मन्च | -सदस्य |
| अनन्त सिलवाल -हेफर इन्टरनेशनल | -सदस्य |
| झविन्द्र बन्जाडे -पशु विकास अधिकृत, बुटवल उप-महानगरपालिका | -सदस्य |
| विष्णु प्रसाद खनाल -वरिष्ठ अधिकृत, बुटवल उप-महानगरपालिका | -सदस्य सचिव |

प्रस्ताव नं. ३०.४.५

नक्सा पास सम्बन्धमा ।

निर्णय नं. ३०.४.५

बुटवल उप-महानगरपालिका भित्र नक्सा पास गरी भवन निर्माण गर्नु पर्नेमा स्वीकृति नलिई वा नक्सा पास नगरी बनिसकेका पुराना घरहरुलाई नक्सा पास/अभिलेखीकरण गरी व्यवस्थित गर्न बुटवल उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको मिति २०७४/०६/२९ को बैठकमा निर्णय भई पास भएको मापदण्ड बमोजिम मिति २०७४/०८/२५ देखि २०७४/१२/३० गतेसम्म ३५ दिने सूचना जारी भए अनुसार दर्ता हुन आएका निवेदनमा उल्लेख भएका घरहरुलाई यस कार्यालयबाट खटिएका प्राविधिकहरुद्वारा स्थलगत निरीक्षण गरी पेश भएका प्रतिवेदनलाई आधारमानी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

१) हालको मापदण्ड पुरा गरी निर्माण भएका भवनहरुलाई नियमित प्रक्रिया अनुरुप अगाडि बढाउने ।

२) न.पा. बाट निर्माण कार्य ईजाजत लिई तत्कालिन मापदण्ड बमोजिम निर्माण भए/गरेको भवनहरुलाई नक्सा पास प्रक्रिया अगाडि बढाउने ।

३) पूर्व स्वीकृति नभएका ईजाजत बिना बनेको तर तत्कालिन मापदण्ड पुरा गरेकालाई स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरे अनुरुप प्रक्रिया अगाडि बढाउने ।

४) पूर्व स्वीकृति लिई अथवा नलिई निर्माण भएका भवन तत्कालिंन मापदण्ड वा हालको मापदण्ड नपुग्ने तर आफ्नै दर्ता प्रमाणको जग्गा भित्र बनेको (सार्वजनिक जग्गा, बाटो, कुलो, खोल्सी खोला आदिलाई बाधा नपुऱ्याई भवनको सम्पूर्ण भाग आफ्नै प्रमाण भित्रको जग्गामा रहेको) भवनहरुलाई भवन निर्माण मापदण्ड २०७४ ले व्यवस्था गरे अनुसार अभिलेखीकरण मात्र गर्ने ।

५) निर्मित भवनले सार्वजनिक जग्गा बाटो, कुलो, खोल्सा आदि मिचेको भएमा उक्त भाग भत्काई आएमा माथि बुदाँ नं. १, २, ३, ४ मध्ये कुनै एक अनुरुप हुने ।

६) बुदाँ नं. १, २, ३, ४ तथा ५ मध्ये कुनैमा पनि नपर्ने अवस्थाका भवनहरुलाई नक्सा नियमित गर्न नसकिने व्यहोरा कारण खुलाई लिखित जानकारी गराउने ।

**अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।**